आज मिति २०७६ साल जेठ महिनाको २२ गते बुधवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्यहरु | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री सुनसरी गुरुङ | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री दिनेशराज पन्त | उपस्थित |
| उपसचिव | श्री नगेन्द्र प्रसाद रेग्मी | उपस्थित |
| वरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थिति |
| अधिकृत सातौं | श्री राजेन्द्र कार्की | उपस्थिति |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |

प्रस्ताव नं.१: धानको बिऊ खरिद तथा वितरण सम्बन्धमा ।
प्रस्ताव नं.२: एम्बुलेन्स खरिद सम्बन्धमा ।
प्रस्ताव नं.३: आगामी नगर सभाको तयारी सम्बन्धमा ।
प्रस्ताव नं.४: प्रधानमन्त्री रोजगार सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.५: गोबर ग्याँस प्लाण्ट निर्माण अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.६: फलफूल तथा तरकारी मूल्य श्रृखंला विकास आयोजनासँग संझौता गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७: प्राकृतिक विपद्मा परेका पीडितहरुलाई राहत वितरण सम्बन्धमा ।
प्रस्ताव नं.८: औद्योगिक ग्राम स्थापनार्थ सहयोगका लागि कार्यदल गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९: मोटर साइकल खरिद सम्बन्धमा ।
प्रस्ताव नं.१०: सुरक्षित गर्भपतन सेवा सञ्चालनको लागि सिफारिस गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: ई. श्री रविन्द्रलाल मुललाई अध्ययनको लागि सहमति प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा आयोजना प्रस्ताव गरी पठाउने सम्बन्धमा ।
प्रस्ताव नं.१३: नगर विपद् व्यवस्थापन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.१४: सवारी साधन भाडामा लिने सम्बन्धमा ।
प्रस्ताव नं.१५: वडा विपद् व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१६: वडाबाट विनियोजित रकम रकमान्तर सम्बन्धमा ।
प्रस्ताव नं.१७: विभिन्न योजनामा रकम विनियोजन तथा थप गर्नुपर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१८: Internet/टेलिफोन लाइन विस्तार सम्बन्धमा ।
प्रस्ताव नं.१९: सरसफाई कार्य सेवा करारमा गराउने सम्बन्धमा ।
प्रस्ताव नं.२०: उद्यम विकास समिति गठन सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा नगरपालिका क्षेत्र भित्रका कृषकहरुको माग र आवश्यकतालाई मध्यनजर गरी रू.२,५०,०००।- (दुई लाख पचास हजार रुपैंया) को उन्नत जातको धानको बिऊ खरिद गर्ने र वडा कार्यालयको सिफारिसको आधारमा कृषकहरुलाई वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको सेवा क्षेत्र भित्र निजी क्षेत्रबाट सञ्चालित एम्बुलेन्सहरुले मात्र प्रभावकारी रुपमा सेवा प्रदान गर्न नसकिरहेको परिप्रेक्ष्यमा स्थानीय स्तरको मागलाई सम्बोधन हुने गरी एउटा एम्बुलेन्स खरिद गर्ने निर्णय गरियो । साथै एम्बुलेन्स सञ्चालनको लागि सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरुसँग परामर्श एवं समन्वय गरी आपसी सहकार्यमा एम्बुलेन्स सञ्चालन गर्ने नीति तय गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको आ.व.२०७६/०७७ को नीति बजेट तथा कार्यक्रम पारित गर्ने गरी आगामी आषाढ १० गतेका लागि मिति तय गरिएको हुँदा आगामी नगर सभालाई भव्य रुपमा सम्पन्न गर्नको लागि स्थानीय तह सञ्चालन ऐनको मर्म र उद्देश्य अनुरुप कार्यक्रमहरु छनौट, बजेट निर्माण तथा नीति निर्माण जस्ता पक्षहरुमा कुशलतापूर्वक गृहकार्य गरी प्रस्तावहरु तयार गर्न सम्पूर्ण कर्मचारीहरु लगायत विषयगत समितिहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि अनुसार यस नगरपालिकालाई प्राप्त बजेट र खर्च गर्ने मार्ग दर्शनको सिमा भित्र रही कार्यक्रम प्रस्ताव तयार गरी सम्पूर्ण कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो । २०७६ जेठ मसान्त भित्र वडाबाट गर्नुपर्ने काम र वेरोजगारहरुको नाम संकलन गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा वैकल्पिक ऊर्जा शीर्षकमा विनियोजित रकमबाट खर्च लेख्ने गरी यस नगरपालिकाको वडा नं. ३ स्थित महर्षि वेदव्यास विद्यालयलाई गोबर ग्याँस प्लाण्ट निर्माणको लागि रू.४,००,०००।- (चार लाख रुपैंया) अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालय ( संयुक्त राष्ट्र संघीय कार्यक्रम) फलफूल तथा तरकारी मूल्य श्रृखला विकास आयोजनाको मिति २०७६ जेष्ठ १९

को पत्रका साथ प्राप्त सम्झौताको मस्यौदामा यस नगरपालिकाको वस्तुगत आवश्यकता बमोजिम सम्झौतामा केही बुँदाहरु थपघट समेत गर्ने गरी सम्झौता गरी कार्यक्रम सञ्चालन गर्ने गराउने निर्णय गरियो । साथै आगामी बर्षको कार्यक्रममा कृषि क्षेत्रको विकास र प्रवर्द्धनका लागि विनियोजन हुने बजेटबाट यस आयोजनासँग हुने सम्झौता अनुसारका क्रियाकलापहरुलाई समेत सम्बोधन हुने गरी कार्यक्रमहरु तर्जुमा गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यही २०७६ साल जेष्ठ १, २ र ३ गते आएको हावाहुरी लगायत असिना पानीका कारण यस नगरपालिकाको क्षेत्र भित्र विभिन्न व्यक्तिहरुको घर तथा खेती बालीमा क्षति हुन गई ठूलो धनको क्षति हुन पुगेको परिप्रेक्ष्यमा विभिन्न वडा कार्यालयहरुबाट क्षति पुगेका व्यक्तिहरुलाई क्षतिपूर्ति तथा राहतको लागि सिफारिस भई आएको हुँदा अन्नबाली तथा फलफूल तरकारीको क्षति भएका कृषकहरुको लागि राहत उपलब्ध गराइदिन सम्बन्धित निकायमा लेखी पठाउने साथै घर भत्किएका व्यक्तिहरुलाई क्षतिको विवरण र प्रकृति हेरी देहाय बमोजिम राहत उपलब्ध गराउने निर्णय गरियो ।

(क) घरको छानो उडाई घर समेत भत्किएका पीडितलाई बढिमा रू.२५,०००।- (पच्चीस हजार)

(ख) घरको छानो मात्र उडाएका पीडितहरुलाई बढिमारू.१२,०००।- (बाह्र हजार)

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिका समेतको सहकार्यमा यस नगरपालिकाको वडा नं.५ अन्तर्गत चिन्तुटार क्षेत्रमा स्थापना प्रस्ताव गरिएको औद्योगिक ग्राम सम्बन्धमा आवश्यक समन्वय एवं सहयोग तथा स्थानीय स्तरको सहभागितामा सोसँग सम्बन्धित सम्पूर्ण तथ्याङ्कहरु संकलन गरी प्रतिवेदन तयार गर्ने र औद्योगिक ग्राम स्थापना गर्नको लागि आवश्यक अन्य सम्पूर्ण पक्षहरुमा सहयोग पुऱ्याउने गरी व्यास नगरपालिका वडा नं.५ का वडा अध्यक्ष श्री मोहनकुमार श्रेष्ठको संयोजकत्वमा देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| (१) | वडा अध्यक्ष श्री मोहनकुमार श्रेष्ठ | – संयोजक |
| (२) | ईन्जिनियर श्री विरेन्द्र थापा | – सदस्य |
| (३) | अमिन श्री यमप्रसाद पौडेल | – सदस्य |
| (४) | वरिष्ठ अधिकृत श्री राजेन्द्र कार्की | – सदस्य सचिव |

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयमा कार्यरत विभिन्न वडा कार्यालय तथा केन्द्र कार्यालयका शाखाहरुमा कार्यरत कर्मचारीहरुबाट मोटर साइकल माग भई आएकोमा कामको प्रकृति र कार्यबोझलाई मध्येनजर गरी आवश्यकता र औचित्यताको आधारमा सवारी साधन उपलब्ध गराउने गरी चालु आ.व.२०७५/०७६ को कन्टेन्जेन्सीको रकमबाट बढिमा १० वटा मोटर/स्कुटरहरु खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.२ स्थित श्री लोकप्रिय स्वास्थ्य क्लिनिक प्रा.लि.ले सुरक्षित गर्भपतन सेवा सञ्चालनको लागि सम्बन्धित निकायमा सिफारिस माग गरेको सम्बन्धमा सेवा सञ्चालन अनुमतिका लागि प्रचलित नियमानुसार स्वीकृति दिन सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाका ईन्जिनियर श्री रविन्द्रलाल मुलले पोखरा विश्व विद्यालयमा बिहानको समयमा स्नाकोत्तर तहमा Masters of Science in Public Health and Disaster Engineering विषय अध्ययनको लागि अनुमति पाउँ भनी आवेदन पेश गरेकोमा कार्यालयको काममा बाधा नपुग्ने गरी र कार्यालयलाई अन्य कुनै प्रकारको आर्थिक व्ययभार नहुने गरी अध्ययन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, पोखराको ७०% लगानी र यस नगरपालिकाको ३०% लागत समेत संयुक्त लगानीमा कार्यान्वयन हुने गरी देहाय बमोजिमका कार्यक्रमहरु स्वीकृतिका लागि प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

| क.सं. | आयोजनाको नाम | ठेगाना | अनुमानित लागत |
|---|---|---|---|
| १. | कोल्ड स्टोर निर्माण | व्यास ११ | २ करोड |

निर्णय नं.१३: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा विपद् व्यवस्थापन ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम यस नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको संयोजकत्वमा देहाय बमोजिमको नगर विपद व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

१. नगर प्रमुख –संयोजक
२. नगर उपप्रमुख –सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत –सदस्य
४. विषयगत समितिका ५ जना संयोजकहरु –सदस्य
५. अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय –सदस्य
६. सामाजिक शाखा प्रमुख, वरिष्ठ अधिकृत श्री राजेन्द्र कार्की –सदस्य
७. पूर्वाधार विकास शाखा प्रमुख, वरिष्ठ ईन्जिनियर श्री राजु पौडेल – सदस्य
८. नगरपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि – सदस्य
९. नगरपालिकाको भौगोलिक क्षेत्रभित्र रहेको प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि – सदस्य
१०. नगर प्रहरी प्रमुख, प्र.स.नि. श्री आषिक परियार – सदस्य
११. राष्ट्रिय मान्यता प्राप्त दलका नगरपालिका स्थित प्रमुख वा प्रतिनिधि – सदस्य
    (क) नेपाली काँग्रेस
    (ख) नेपाल कम्युनिष्ट पार्टी
    (ग) राष्ट्रिय प्रजातन्त्र पार्टी
    (घ) राष्ट्रिय जनमोर्चा पार्टी
१२. नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनिधि (१ जना) –सदस्य
१३. निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको तर्फबाट उद्योग वाणिज्य संघ, दमौली बजार इकाई समितिका अध्यक्ष श्री राज कुमार श्रेष्ठ –सदस्य
१४. गैरसरकारी संस्था महासंघका स्थानीय प्रतिनिधि (१ जना) –सदस्य
१५. नेपाल पत्रकार महासंघ तनहुँका अध्यक्ष श्री ओमकार आचार्य –सदस्य
१६. विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको शाखा प्रमुख, श्री विमल गिरी –सदस्य-सचिव

निर्णय नं.१४: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयको लागि आवश्यक रहेको सवारी साधन (पिक अप) खरिदको लागि प्रक्रिया अगाडि बढिरहेको परिप्रेक्ष्यमा खरिद प्रकृया अनुसार सवारी साधन आउन केही समय लाग्ने भएको हुँदा योजना अनुगमन लगायतका कामहरुमा तत्कालै सवारी साधन आवश्यक परेको हुँदा २०७६ आषाढ मसान्तसम्मको लागि मासिक रुपमा रु.१,५०,०००। (कर समेत) मा नबढ्ने गरी भाडा भुक्तानी गर्ने गरी नियमानुसार एउटा सवारी साधन भाडामा लिने निर्णय गरियो ।

निर्णय नं.१५: प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा विपद् व्यवस्थापन ऐन, २०७५ को व्यवस्था बमोजिम यस नगरपालिकाको प्रत्येक वडाहरुमा वडा विपद् व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं.१६: प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ को कार्यालयको अधुरो भवन सम्पन्न गर्न ल.ई. अनुसारको रु.३,३६,८५१। विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१७: प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा देहायका योजनाहरु निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

क) व्यास नगरपालिका वडा नं.५ स्थित मानुङको रेलिङ निर्माण गर्ने क्रममा गतवर्ष सम्झौता भई खर्च हुन बाँकी रकम रु.५,००,०००। (पाँच लाख) को रेलिङ बार निर्माण कार्य नियमानुसार गराउने निर्णय गरियो ।

ख) व्यास नगरपालिका वडा नं.५ स्थित रानीटारीमा चिलिङ भ्याट खरिदका लागि विनियोजित रकम रु.१,५०,०००। बाट चिलिङ भ्याट राख्ने भवन निर्माणमा योजना परिवर्तन गर्ने निर्णय गरियो ।

ग) व्यास १० स्थित बैरेनी अलैचे कमलाथुम्की मार्ग स्तरोन्नतिका लागि थप २,००,०००। (दुई लाख) विनियोजन गर्ने निर्णय गरियो ।

घ) दमौली खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आफ्नो नयाँ स्टोर भवन निर्माण गर्नका लागि रकम सहयोग माग भएकोमा कर्मचारीहरुको समायोजन प्रक्रिया अन्तिम भएको जानकारी प्राप्त भएपछि रु.१०,००,०००। (दश लाख) योजनागत रकम विनियोजन गर्ने निर्णय गरियो ।

ङ) व्यास नगरपालिका वडा नं.२ उत्तरशीला टोल विकास संस्था अन्तर्गत गोदावरी आमा समूहद्वारा निर्मित शिव मन्दिर मर्मत सुधारका लागि रु.१,५०,०००। (एक लाख पचास हजार) विनियोजन गर्ने निर्णय गरियो ।

च) व्यास नगरपालिका वडा नं.५ स्थित कण्टार टोल विकास संस्था अन्तर्गत सडक बत्ती फिट गर्नका लागि हाल ५०० मिटरका लागि रु.१,३७,०००। (एक लाख सैतिस हजार) विनियोजन गर्ने निर्णय गरियो ।

छ) व्यास नगरपालिका वडा नं.१० स्थित डिहिगाउँमा रहेको भोटे खोल्सीमा कल्भर्ट निर्माण गर्न रु.५,००,०००। (पाँच लाख) विनियोजन भएकोमा हाल थप रु.२,३७,०००। (दुई लाख सैतिस हजार) लाग्ने गरी इष्टिमेट पेश भएकोले नियमानुसार निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरिन्छ ।

ज) व्यास १२ चिलाउने पानी खानेपानी योजनाका लागि गत आ.व.मा वडा बजेटबाट रु.३,००,०००। (तीन) विनियोजन भएको र चालु आर्थिक वर्षमा रु.५,००,०००। (पाँच लाख) थप गरी जम्मा ८,००,०००। (आठ लाख) को योजना नियमानुसार निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

झ) व्यास १० अनन्त व्यास कर्मगुफा रामरामेश्वर मन्दिर तथा रेलिङवार मर्मत सुधारका लागि रु.१,५०,०००। (एक लाख पचास हजार)

**<u>निर्णय नं.१८</u>**: प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको बहुउद्देश्यीय भवनको पहिलो तलामा स्थानान्तरण भई आएका घर नक्सा पास उपशाखा, राजश्व उपशाखा तथा नगर पुस्तकालय केन्द्रमा इन्टरनेट तथा टेलिफोन लाइन विस्तारको लागि श्री स्पार्कट्रोनिक्सले पेश गरेको रू.१,८८,५००।- (अक्षेरुपी एक लाख अठासी हजार पाँचसय रुपैंया) को दरभाउ पत्र स्वीकृत गरी उल्लेखित काम गराउने निर्णय गरियो ।

**<u>निर्णय नं.१९</u>**: प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.६ स्थित मादीवेशी स्वास्थ्य इकाईमा मासिक रु.६,०००। (छ हजार) पारिश्रमिक उपलब्ध गराउने गरी कार्यालय सहयोगीको रुपमा व्यास नगरपालिका वडा नं. ६ निवासी श्री दिव्य सुनार परियारसँग करार सम्झौता गरी सेवा करारमा लिने निर्णय गरियो ।

**<u>निर्णय नं.२०</u>**: प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा एकीकृत समाज विकास नेपालको च.नं.११ मिति २०७६।१।१७ को पत्रद्वारा अनुरोध भई आएअनुसार घरेलु तथा साना उद्योग विकास समिति तनहुँको सहयोग र एकीकृत समाज विकास नेपालको आयोजनामा यस नगरपालिका क्षेत्रभित्र संचालित गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) को प्रभावकारी कार्यान्वयनको लागि मेड्पा संचालन निर्देशिका, २०७० को व्यवस्था बमोजिम देहाय बमोजिमको उद्यम विकास समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| -नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने | संयोजक |
| -प्रमुख प्रशासकीय अधिकृत श्री दिनेशराज पन्त | सदस्य |
| -दलित तथा अल्पसंख्याक सदस्य श्री बुद्धिमाया वि.क. | सदस्य |
| -कार्यक्रम लागु भएको वडाको महिला सदस्य श्री लक्ष्मी के.सी. | सदस्य |
| -प्रतिनिधि स्थानीय लघु उद्यम समूह संघ | सदस्य |
| -उद्योग विकास शाखा प्रमुख श्री राजेन्द्र कार्की | सदस्य सचिव |